नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## गभर्नर खतिवडाद्वारा साना किसान सहकारी हस्तान्तरण

गभर्नर डा. युवराज खतिवडाले जेठ १५ गते कास्की जिल्ला स्थित "भरतपोखरी साना किसान कृषि सहकारी संस्था लिमिटेड" स्थानीय समुदायलाई हस्तान्तरण गर्नुभयो ।



सो उपलक्ष्यमा आयोजित कार्यक्रमलाई प्रमुख अतितिको रूपमा सम्बोधन गर्दै उहाँले सरकार र निजी क्षेत्रका अतिरिक्त विकासको तेस्रो खम्बाको रूपमा स्थापित सामुदायिक संस्था, गैर सरकारी संस्था तथा सहकारीहरूको उपस्थितिले राजनैतिक अस्थिरता तथा लगानी मैत्री वातावरणको अभावमा समेत गरिबी घटाएको कुरा बताउनुभयो ।

नेपालमा केही उदाहरणीय र उदीयमान सामुदायिक संस्थाहरू छन् जसले मुलुकको आर्थिक विकासमा प्रत्यक्ष योगदान दिइरहेका छन् र तिनले विश्वमै पहिचान पाएका पनि छन् भन्नुहुँदै उहाँले देशको अहिलेको आवश्यकता सामाजिक तथा आर्थिक रुपान्तरण हो र आधुनिक प्रविधिको प्रयोगबाट उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरेर मात्र सामाजिक तथा आर्थिक रुपमान्तरण सम्भव छ भन्नुभयो । त्यस्तै देशमा रहेका सामाजिक संस्थाहरूले उत्पादन र उत्पादकत्व बढाउन सक्दैनन् भने तिनको उपस्थितिको सार्थकता पनः मूल्याङ्कन गर्नुपर्ने हुन सक्छ भन्दै उहाँले सामुदायिक र सहकारी संस्थाहरुलाई उत्पादनमुखी हुन आग्रह गनुभयो ।

मुलुकमा उपभोग गर्ने तथा आश्रित समुदाय ठुलो तर उत्पादन गर्ने समुदाय सानो हुँदै गएकाले परनिर्भरता तथा राष्ट्रिय, सामाजिक र पारिवारिक समस्या समेत बढ्दै गएको बताउँदै सहकारी लगायतका आधारभूत तहका संस्थाहरुले उत्पादकत्व अभिवृद्धि गर्नुका साथै उपभोक्ताको आवश्यकता समेत पूरा गर्ने गहन जिम्मेवारी लिनुपर्ने र सर्वसाधारण नागरिक समाज, नेता, कार्यकर्ता, आदिको ध्यान उत्पादन र उत्पादकत्व बढाउनेतर्फ हुनु पनि त्यत्तिकै आवश्यक छ भन्नुभयो ।



साना किसान सहकारीले गाउँ/गाउँमा सकेसम्म धेरै सिमान्तीकृत महिलाहरूलाई एकै थलोमा जम्मा गरेर सीप, उत्पादन तथा सहकारिता बढाउने कार्यलाई धेरै समय अघिदेखि निरन्तरता दिइरहेको कुराको प्रशंसा गर्दै उहाँले सहकारीहरू बीच एक आपसमा समन्वय हुनु एकदम जरुरी छ र यो जिम्मेवारी सहकारीहरूले पूरा गर्ने विश्वास व्यक्त गर्नुभयो ।

अन्त्यमा, यस प्रकारका राम्रा कामको सुरुआत उच्च मनोबलबाट गर्नुपर्ने हुँदा यसका निम्ति नेपाल राष्ट्र बैंकको पनि सदासयता रहेको कुरा समेत उहाँले जानकारी गराउनुभयो ।

२०७० जेठ २० गते, सोमबार

गभर्नरको कार्यालय